# दक्षिणकाली नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

**फर्पिङ, काठमाडौं**
**बागमती प्रदेश, नेपाल**

फोन नं. ०१-४७१००२८

## प्रेस विज्ञप्ति

यस नगरपालिकाको विकास निर्माण, सेवा प्रवाह, सुशासन प्रवर्द्धन, लगायतका विषयहरुमा आमजनसमुदायको चासो, धारणा र चिन्ताप्रति यस नगरपालिका सकारात्मक रही निर्धारित लक्ष्य हासिल गर्न नेपालको संविधान, नेपाल सरकार तथा प्रदेश सरकारको वार्षिक नीति तथा कार्यक्रम र बजेट, आवधिक योजना, दीगो विकास लक्ष्यका साथै अन्य क्षेत्रगत नीति एवं मार्गदर्शनमा आधारित भई उपरोक्त नीति, योजना र कार्यक्रमसँग सामन्जस्यता कायम राख्दै नगरपालिकाको वस्तुस्थितिमा आधारित नीति तथा कार्यक्रम तर्जुमा गरी नगरवासीको आधारभूत आवश्यकताको परिपूर्ति, रोजगारी सिर्जना, विकासमा स्थानीय स्रोत, साधन, सीप, पूँजी र प्रविधिको प्रयोग, समावेशिता, सुशासन, सामाजिक न्याय, समानता र सुरक्षाको प्रत्याभूति तथा मानव संसाधनको क्षमता विकासगरी नगरपालिकाबाट प्रवाह हुने सेवालाई व्यवसायिक, प्रतिस्पर्धी, जनमुखी, पारदर्शी र प्रविधिमैत्री बनाउन सरकारी, निजी, गैरसरकारी तथा सामुदायिक क्षेत्रसँग साझेदारी र सहकार्य गर्दै आईरहेको यहाँहरुमा सर्वविदितै छ ।

विश्व अर्थतन्त्रमा आएको समस्याका कारण नेपालको अर्थतन्त्रमा गत वर्ष र चालु आर्थिक वर्षमा गम्भीर प्रभाव परेको छ । नेपाल सरकार तथा प्रदेश सरकारबाट प्राप्त हुने अनुदान, अन्य कार्यक्रमगत श्रोत तथा राजस्व बाँडफाँडमा कमी भएको र नगरपालिकाको आन्तरिक श्रोत समेत अपेक्षाकृत रुपमा संकलन नभएको अवस्था छ । यस्तो अवस्थामा नगरको समग्र विकास निर्माण, सेवा प्रवाह र कार्यक्रम नगरवासीहरुको अपेक्षा अनुरुप सञ्चालन गर्नका लागि यस वर्ष पनि आर्थिक श्रोत सङ्कुचन भएको छ ।

नगरपालिकाद्वारा प्रवाह भईरहेका सेवाहरु, सञ्चालित गतिविधी तथा विकास निर्माणका क्रियाकलापहरुको सम्बन्धमा सामाजिक सञ्जालमा आएका विषयवस्तु तथा राष्ट्रिय प्रजातन्त्र पार्टी, दक्षिणकाली नगर कार्यसमितिले बुझाएको ज्ञापन पत्र सम्बन्धमा यस नगरपालिकाको ध्यानाकर्षण भएको छ । उक्त विषयमा देहाय बमोजिमको बुदाँमा स्पष्ट पारिएको व्यहोरा जानकारीको लागि सम्पूर्ण नगरबासी एवं सरोकारवालाहरु माझ अनुरोध गर्दछौं ।

१. यस नगरपालिका क्षेत्र भित्र संघीय पूर्वाधार विकासका आयोजना, प्रदेशस्तरीय पूर्वाधार विकासका आयोजना र नगर तथा वडास्तरीय पूर्वाधार विकासका आयोजनाहरु निर्माणाधिन एवं सञ्चालनको क्रममा सम्बन्धित उपभोक्ता समिति तथा निर्माण व्यवसायीहरुबाट समेत निर्माणमुखी कच्चापदार्थ ढुवानी गर्ने सवारीसाधन सञ्चालनमा सहजिकरणका लागि अनुरोध भई आएको हुदाँ यस नगरपालिका क्षेत्र भित्र त्यस्ता सवारीसाधन आवतजावत गर्नको लागि आईतबार देखी शुक्रबार सम्म बिहान ८:०० बजे देखी १०:०० बजे सम्म र दिउँसो ३:०० बजे देखी ५:०० बजेसम्म तथा शनिबार बिहान ५:०० बजे देखी बेलुका ५:०० बजे सम्मको समय बाहेक अन्य समयमा सञ्चालन गर्ने गरी मिति २०८०/१०/१० गते सम्पन्न चालु आ.ब.को नवौ कार्यपालिका बैठकबाट निर्णय भई सोही अनुरुप सञ्चालनमा रहेको छ ।

२. बागमती प्रदेश, आर्थिक ऐन, २०७९ बमोजिम हुने गरि यस नगरपालिका क्षेत्र भित्र पर्ने ढुङ्गा, गिट्टी, ग्राबेल, बालुवा र माटो लगायतको प्राकृतिक स्रोतको संकलन तथा बिक्री गर्ने कार्यको आन्तरिक आय संकलन ठेक्का बन्दोबस्त बोलपत्रको माध्यमबाट गर्नको लागी जम्मा न्यूनतम अंक रु.३,२०,६५,०००।- (तिन करोड बिस लाख पैसठ्ठी हजार रुपैयाँ) (कर बाहेक) कायम गरी प्रथम पटक मिति २०८०/०३/१ गते आन्तरिक आय संकलन ठेक्काको सुचना प्रकाशन गरिएकोमा उक्त सुचना बमोजिम कुनै पनि बोलपत्र नपरेकोले पटक पटक गरी

दक्षिणकाली नगरपालिका
**नगर कार्यपालिकाको कार्यालय**
**फर्पिङ, काठमाडौं**
**बागमती प्रदेश, नेपाल**
फोन नं. ०१-४७१००२८

नियमानुसार मिति २०८०/७/१९ गते छैठौं पटक जम्मा न्यूनतम अंक रु.१,५०,००,०००।- (एक करोड पचास लाख रुपैयाँ) (कर बाहेक) कायम गरि बोलपत्र आह्वान गरिएकोमा नियमानुसार रु.१,६१,००,०००।- (एक करोड एकसाठ्ठी लाख रुपैयाँ) (कर बाहेक) मा बोलपत्र परि नियमानुसार स्वीकृत/सम्झौता भई सञ्चालनमा रही आय संकलन भईरहेको छ ।

३. विश्व अर्थतन्त्रमा आएको समस्याको प्रभाव स्वरुप संघीय तथा प्रदेश सरकारबाट चालु आ.ब.मा उपलब्ध गराउने गरी प्राप्त भएको मार्गदर्शन अनुरुपको बजेटमा कटौती भएको र यस नगरपालिकाको आन्तरिक श्रोत (राजश्व संकलन) समेत अपेक्षाकृत रुपमा संकलन नभएको अवस्थाका कारण उपभोक्ता समिति लगायत्ले सञ्चालन गर्नु भएको आयोजना तथा कार्यक्रमको समयमै भुक्तानी दिन समस्या भएको अवस्था छ ।

४. यस नगरपालिका एवं आम नगरबासीहरुको आवश्यकता एवं समस्याहरुलाई मध्यनजर गरि विकास निर्माणका लागि नगरपालिकासँग भएको सिमीत श्रोतलाई व्यवस्थित ढङ्गबाट परिचालन गर्दै संघिय सरकार, प्रदेश सरकार एवं अन्य स्थानीय तहहरुसँगको समन्वय तथा साझेदारीमा विभिन्न विकास निर्माणका क्रियाकलापहरु सञ्चालन गरिएको छ ।

५. नगरबासीहरुको स्वास्थ्य सेवामा पहुँच बिस्तारको लागि दक्षिणकाली नगर अस्पतालको सञ्चालन गरि चौबिसै घण्टा डाक्टर सहितको स्वास्थ्य सुविधा प्रदान गर्दै आईरहेको छ । आगामी दिनहरुमा थप सेवाहरु समेत बिस्तार गर्नको लागि कार्य भईरहेको छ ।

६. यस नगर क्षेत्रभित्र मृगौला रोगवाट पिडित व्यक्तिहरुलाई नियमित रुपमा गर्नुपर्ने हेमोडाईलासिस सेवालाई सहज बनाउनका लागि यस नगरपालिकाबाट निःशुल्क रुपमा दैनिक दुई वटा एम्बुलेन्सहरु निरन्तर सेवामा सञ्चालन भईरहेका छन् ।

७. नेपाल सरकारको सशर्त कार्यक्रम अन्तर्गतको राष्ट्रपति रनिङ सिल्ड प्रतियोगिता नगरपालिकाको समेत लागत साझेदारीमा २०८०/०८/२८ गते देखी २०८०/०८/३० गते सम्म १३ वटा विद्यालयहरुका करिब ८७८ जना विद्यार्थिहरु सम्मिलित भई चार विधामा ४२ वटा खेलकुद कार्यक्रम सञ्चालन भएकोमा उक्त कार्यक्रममा भएको खर्च प्रचलित कानून बमोजिमको मापदण्डमा रही मितव्ययिता पूर्वक खेल सञ्चालन भएको ।

८. यस नगरपालिका क्षेत्र भित्र सञ्चालनमा रहेका खानी तथा भुगर्भ विभागद्वारा प्रचलित कानून बमोजिम अनुमती प्राप्त वैध खानीलाई मात्र नविकरण गरिएको छ ।

९. यस नगरपालिका अन्तर्गतका जग्गाहरुको साँधसिमाना, भोगचलनमा रहेका समस्या एवं सार्वजनिक जग्गाहरु संरक्षणका लागि तत्काल हाल साविक गर्नु पर्ने आवश्यकता एवं जनसमुदायको पनि माग रहेकोमा यस नगरपालिकाबाट मिति २०८०/०४/१७ मा नापी कार्यालय, कलंकीलाई पत्राचार गरि सकिएको छ ।

मितिः २०८० फागुन १६ गते

३०।११।०८
.........................
(अमृका बलामी)
प्रवक्ता

Email :info@dakshinkalimun.gov.np, Website : www.dakshinkalimun.gov.np